नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स:-४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

# सूचना !

नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८।०४।१९ गते भूमि सम्बन्धी समस्या समाधान आयोग विघटन भएको छ। सो सम्बन्धमा देहाय अनुसार हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

(१) भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ बमोजिम गठन भएको आयोग सोही गठन आदेशको दफा २७ को उपदफा (३) बमोजिम विघटन भएको छ।

(२) आयोगबाट हालसम्म सम्पादन भएका काम कारवाही, संकलन गरेको विवरण, तथ्यांक, फारामहरू लगायतका कागजातहरू एवं सवारी साधन लगायतका भौतिक सम्पत्तिहरू जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा केन्द्रको हकमा आयोगको सदस्य सचिवले भूमि व्यवस्थापन तथा अभिलेख विभागमा र जिल्ला समितिको हकमा सम्बन्धित जिल्लाका जिल्ला समन्वय अधिकारीले सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा २०७८ भाद्र मसान्त भित्र बुझाउने व्यवस्था हुनेछ।

(३) आयोगको केन्द्रमा र जिल्ला समितिमा कार्यरत काजमा खटिएका वा करारमा रहेका कर्मचारीलाई बुँदा नं. २ को प्रयोजनको लागि २०७८ भाद्र मसान्तसम्म बरबुझारथ लगायत काममा लगाउने व्यवस्था हुन निर्देशन गरिन्छ।

(४) मिति २०७८।०४।१९ गते पश्चात् आयोग र जिल्ला समितिको नाममा लगत संकलन, प्रविष्टि लगायतका कुनै पनि कामहरू हुनेछैनन्।

(जनकराज जोशी)
सहसचिव (प्रा.)/प्रवक्ता